# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) हेटौंडा, नेपाल, चैत ३० गते, २०७९ साल (सङ्ख्या २६

## भाग २

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपालको

## सूचना

**प्रदेश सञ्चार माध्यम व्यवस्थापन (चौथो संशोधन) नियमावली, २०७९**

प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ को दफा ५८ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायको नियमहरू बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस नियमावलीको नाम "प्रदेश सञ्चार माध्यम व्यवस्थापन (चौथो संशोधन) नियमावली, २०७९" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ।

२. **<u>प्रदेश सञ्चार माध्यम व्यवस्थापन नियमावली, २०७५ को नियम १५ मा संशोधनः</u>** प्रदेश सञ्चार माध्यम व्यवस्थापन नियमावली, २०७५ (यस पछि "मूल नियमावली" भनिएको) को नियम १५ को उपनियम (३) पछि देहायका उपनियमहरू (४), (५), (६) र (७) थप गरिएको छः-

"(४) उपनियम (३) बमोजिम प्राप्त गरेको अनलाइन पत्रकारिता दर्ता प्रमाणपत्रमा रहेको डोमेन देहाय बमोजिमका कागजात पेश गरेमा सञ्चार रजिष्ट्रारले परिवर्तन गरी दिन सक्नेछः-

(क) डोमेन सञ्चालन गरी आएको संस्था र सो डोमेन लिन चाहने संस्था बिच भएको सम्झौतापत्र,

(ख) डोमेन सूचीकरण गर्ने निकायलाई सूचीकरणबाट हटाई दिन दिएको निवेदन वा हटाइएको प्रमाण,

(ग) डोमेन सञ्चालित संस्थाले उक्त डोमेन आफूले सञ्चालन गर्न नचाहेको वा नसक्ने कारण खुलाएको पत्र,

(घ) कर विवरण बुझाएको निस्सा।

(५) डोमेन दर्ता गर्ने निकायमा नियमित नवीकरण नगरेका कारण डोमेन अर्कैको नाममा दर्ता भइसकेको प्रमाण र नयाँ डोमेन लिई दर्ता गर्न आउने पुरानै संस्थालाई नयाँ दर्ता

दस्तुर लिई उपनियम (१) बमोजिमको प्रक्रिया पालना गरेमा सञ्चार रजिष्ट्रारले नयाँ अनलाइन दर्ता प्रमाणपत्र दिन सक्नेछ।

(६) उपनियम (३) बमोजिम दिइने अनलाईन दर्ता प्रमाणपत्रको जानकारी कार्यालयले सूचीकरण गर्ने निकायलाई दिनु पर्नेछ।

(७) अनलाइन दर्ता प्रमाणपत्रमा रहेको अन्य विवरण बदल्न पाँच सय रूपैंया दस्तुर सहित निवेदन दिएमा सञ्चार रजिष्ट्रारले जाँचबुझ गर्दा मनासिव देखिए विवरण बदल्न सक्नेछ।"

३. **मूल नियमावलीको नियम १७ मा संशोधनः** मूल नियमावलीको नियम १७ को उपनियम (२) मा रहेका "दर्ता गर्दा लाग्ने शुरू दस्तुरको पचास प्रतिशत शुल्क लिई" भन्ने शब्दहरूको सट्टा "एक हजार रूपैंया लिई" भन्ने शब्दहरू राखिएका छन्।

४. **मूल नियमावलीको नियम २६ मा संशोधनः** मूल नियमावलीको नियम २६ को,-

(१) उपनियम (१) मा रहेका "तीन आर्थिक वर्ष" भन्ने शब्दहरूको सट्टा "एक आर्थिक वर्ष" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (३) पछि देहायका उपनियमहरू (४), (५) र (६) थप गरिएको छः-

"(४) उपनियम (३) बमोजिम नवीकरण नगरी दोस्रो आर्थिक वर्षमा नवीकरण गर्न आएमा उपनियम (३) बमोजिम लाग्ने दस्तुरको अतिरिक्त थप एक सय रूपैंया

दस्तुर र तेश्रो आर्थिक वर्षमा नवीकरण गर्न आएमा दोस्रो आर्थिक वर्षमा लाग्ने दस्तुरको अतिरिक्त थप दुई सय रूपैंया दस्तुर लिई पत्रकारितामा क्रियाशील रहेको प्रमाण पेश गरेमा सञ्चार रजिष्ट्रारले प्रेस प्रतिनिधि प्रमाणपत्र नवीकरण गरि दिन सक्नेछ।

(५) उपनियम (४) बमोजिमको समयावधि भित्र पनि नवीकरण गर्न नआएमा नयाँ दर्ता प्रक्रियामा जानु पर्नेछ।

(६) उपनियम (५) बमोजिम नयाँ दर्ता गर्दा पुरानो दर्ता नम्बर कायम रहने छैन।"

५. **मूल नियमावलीको अनुसूचीमा संशोधनः** मूल नियमावलीको अनुसूची- २ मा रहेको क्रम सङ्ख्या ५ मा रहेको "अनलाइन दर्ता प्रमाणपत्र दस्तुर एक हजार रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "अनलाइन दर्ता प्रमाणपत्र दस्तुर तीन हजार रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन्।

**आज्ञाले,**
**अनुशील सापकोटा**
**प्रदेश सरकारको नि. सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रू. ५।-